देवघाट गाउँपालिका

वैठक संख्याः २७ मिति २०७५/०६/०१

प्रस्तावहरुः

१. समिक्षा
२. संघ संस्था परिचालन तथा व्यवस्थापन नियमावली २०७५
३. घ वर्ग लाईसेन्स
४. शिक्षा शाखाको कार्य सम्पादन
५. संविधान दिवस
६. वडा नं. २ मा कृषि प्र विधिक
७. वडा नं. ५ मा पार्क निर्माण
८. खानेपानी उपभोक्ता समिति र वडा वासको एकिकृत योजना
९. घर निर्माण सहयोग

निर्णयहरुः

उपरोक्तानुसारका प्रस्तावहरुमाथ छलफल गर्दा तपशिल अनुसारका निर्णयहरु गरियो ।

१. बाटोको अवस्था तथा मर्मत सम्बन्धमा र विविध विषयमा समीक्षा गरियो ।
२. संघ संस्था परिचालन तथा व्यवस्थापन नियमावली २०७५ स्वीकृत गरियो ।
३. मापदण्ड पुगेको देवघाट ५ को पवन कन्स्ट्रक्सनलाई "घ" वर्गको लाईसेन्स दिने निर्णय गरियो ।
४. आधारभूत तथा माध्यमिक शिक्षा ईकाई प्रमुखको कार्य सम्पादन सन्तोषजनक नभएकोले निजलाई जिम्मेवारीबाट मुक्त गरि अर्को व्यवस्था नभए सम्मका लागि आधारभुत तथा माध्यमिक शिक्षा ईकाई प्रमुखले गर्ने सम्पुर्ण कार्य प्रमुख प्रशासकीय अधिकृतले गर्ने निर्णय गरियो ।
५. संविधान दिवसको उपलक्ष्यमा तपशिल अनुसारको कार्यक्रम गर्ने निर्णय गरियो ।
   सबै वडा कार्यालयमा सरसफाई गर्ने र गाउँ कार्यपालिकाको कार्यालयले भुवनटार वृक्षारोपण स्थानमा गाउँपालिका अध्यक्ष श्री दुर्ग बहादुर थापाको नेतृत्वमा जनप्रतिनिधी, कर्मचारी, राजनैतिक दल समेत संलग्न भई विरुवा गोडमेल तथा सरसफाई गर्ने र त्यस पछि कोण सभा गर्ने साथै सबै वडाहरु र गाउँ कार्यपालिकाको कार्यालयमा साँझ दिपावली गर्ने ।
६. वडा नं. २ मा एक कृषि प्राविधिकलाई करारमा काम लगाउने निर्णय गरियो ।
७. वडा नं. ५ कालीमाटी भन्ने ठाउँमा रहेको ४२ रोपनी क्षेत्रफलको सार्वजनिक जग्गा संरक्षण गर्न तथा वातावरणमैत्री गाउँपालिका निर्माण गर्न तथा जेष्ठ नागरिकहरुलाई सेवा सुविधा पुर्याउन एक पार्क तथा जेष्ठ नागरिक सेवा केन्द्र उपयुक्त देखिएकोले निजी क्षेत्र वा संघ संस्थासँगको सहकार्य तथा लगानीमा पार्क निर्माण गर्ने निर्णय गरियो ।
८. खानेपानी उपभोक्ता समिति र वडा वासको एकिकृत योजना प्राप्त भए पछि प्राथमिकताको आधारमा गाउँ कार्यपालिकाको कार्यालयले पाईप उपलब्ध गराउने र बाँकी काम सबै उपभोक्ताले गर्ने तथा ट्याङ्की निर्माणमा समेत अत्याधिक उपभोक्ताको लगानी जुटाई खानेपानी आयोजना

सम्पन्न गर्ने निर्णय गरियो । खानेपानी व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडाका युवाहरुलाई प्लम्बिङ्ग तालिम उपलब्ध गराउने ।

९. वडा नं. ५ गौरीटार बस्ने श्रीमती फेरी माया भुजेल श्रीमान कालि बहादुर भुजेलको घर चट्याङ्गले नष्ट भई घर मर्मत तथा निर्माण गर्न असमर्थ रहेको र आर्थिक रुपले विपन्न भएकोले गाउँपालिकाको तर्फबाट जस्ता पाटाले छाएको कङ्क्रीटको पिल्लरले निर्माण गरेको घर (गैंडाकोटे घर) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।